प्रदेश सरकार
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र धनकुटा
कार्यक्षेत्र :- धनकुटा र तेह्रथुम
प्रदेश नं. १
Email:-akcdhankuta@gmail.com
026-522226

प.सं.:- ०७७/०७८
च.न.:-

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०६/०६

यस कृषि ज्ञान केन्द्रको आ.व. २०७७/७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि - २०७६ बमोजिमको शर्तहरुको अधिनमा रही देहायका कार्यक्रमहरू कार्यान्वयनका लागि साझेदारीमा संचालन गर्न इच्छुक धनकुटा र तेह्रथुम जिल्ला भित्रका कृषक समुह/कृषि सहकारी /कृषि फर्म र निजि उद्यमीहरुवाट यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन ( मिति २०७७/०६/२६ गते ) सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

थप जानकारीको लागि कृषि ज्ञान केन्द्र धनकुटाको फोन नं. ०२६-५२२२२६, सुचना अधिकारी श्री सुरज खनाल ९८५२०४४८३९, सम्पर्क केन्द्र तेह्रथुमको फोन नं ०२६-४६०१३०, श्री अभिषेक कुमार साह ९८६२८२३४८५ र कार्यालय प्रमुख ९८५२०५०४२४ मा सम्पर्क राख्नु हुन साथै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ विराटनगरको वेवसाईट **www.molmac.p1.gov.np** बाट "कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६" डाउनलोड गरि जानकारी लिन सक्नुहुनेछ ।

नोटः- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वा सो अन्तर्गतका निकायहरु बाट विगत तिन वर्ष भित्र अनुदान प्राप्त गरेका कृषक समुह/कृषि सहकारी /कृषि फर्म र निजि उद्यमीहरुले अनुदान प्राप्त गर्ने छैनन् ।

### संचालन गरिने कार्यक्रमहरू

| क्र.सं | क्रियाकलापहरुको विवरण | इकाई | वार्षिक लक्ष्य | | प्रस्ताव पेश गर्न सक्ने संभावित साझेदारहरू | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | परिमाण | प्रति इकाई साझेदारी रकम रु. (लाखमा) | | |
| १ | कागती खेती मिसन कार्यक्रम(अन्य) | संख्या | २ | २.५ | कृषक समूह /कृषि सहकारी/ निजि फर्म | |
| २ | किवी खेती प्रवर्धन कार्यक्रम(अन्य) | संख्या | ४ | ५ | कृषक समूह /कृषि सहकारी/ निजि फर्म | |
| ३ | व्यावसायिक फलफूल बगैंचा स्थापना सहयोग(अन्य) | संख्या | ४ | ३ | कृषक समूह / कृषि सहकारी/ निजि फर्म | |
| ४ | सुन्तलाजात बगैंचा व्यवस्थापन एवम सुदृढीकरण कार्यक्रम(अन्य) | संख्या | १२ | १ | कृषक समूह /कृषि सहकारी/ निजि फर्म | |
| ५ | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम(अन्य) | संख्या | २ | ३ | कृषक समूह /कृषि सहकारी/ निजि फर्म | |
| ६ | कफी खेति विस्तार कार्यक्रम(अन्य) | हेक्टर | २ | २.५ | कृषक समूह /कृषि सहकारी/ निजि फर्म | |
| ७ | अलैंचीको नयाँ क्षेत्र विस्तार कार्यक्रम(अन्य) | हेक्टर | ४ | ०.७ | कृषक समूह /कृषि सहकारी/ निजि फर्म | |
| ८ | बीउ विजन आत्मनिर्भरका कार्यक्रम पहिलो बर्ष(अन्य) | संख्या | २ | १ | कृषक समूह /कृषि सहकारी/ निजि फर्म | |

निमित्त प्र...
...ज्ञान केन्द्र,

प्रदेश सरकार
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र धनकुटा

Email:-akcdhankuta@gmail.com
कार्यक्षेत्र :- धनकुटा र तेह्रथुम
026-522226
प्रदेश नं. १

प.सं:- ०७७/०७८
च.न:-

| क्र.सं | क्रियाकलापहरुको विवरण | इकाई | वार्षिक लक्ष्य | | प्रस्ताव पेश गर्न सक्ने संभावित साझेदारहरू | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | परिमाण | प्रति इकाई साझेदारी रकम रु. (लाखमा) | | |
| ९ | महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम(अन्य) | संख्या | १० | १ | महिला, दलित, बिपन्न तथा पिछडिएको समुदायका कृषकहरु | PAN नम्वर अनिवर्य । |
| १० | युवा लक्षित च्याउ मह तरकारी उत्पादन कार्यक्रम(अन्य) | संख्या | ३५ | १ | अठार देखि पचास बर्ष उमेर ननाघेका, विदेश बाट फर्केका, तथा विदेश जान लागेका स्थानिय बेरोजगार युवाहरु | पासपोर्टको प्रतिलिपि र PAN नम्वर अनिवार्य पेश गर्नु पर्नेछ । अनिवर्य । |
| ११ | एक पालिका एक नर्सरी स्थापना सहयोग(अन्य) | संख्या | २ | १.५ | कृषक समूह /कृषि सहकारी/ निजि फर्म | |
| १२ | एभोकार्डो खेती प्रवर्द्धन कार्यक्रम(अन्य) | संख्या | १ | ३ | कृषक समूह /कृषि सहकारी/ निजि फर्म | धनकुटा जिल्लाको लागि मात्र |
| १३ | नमुना कृषि फार्म स्थापना सहयोग( बागवानी विकास खर्च) | संख्या | २ | ७ | कृषक समूह /कृषि सहकारी/ निजि फर्म | आ.व. २०७६/०७७ मा कार्यक्रम सञ्चालन भएका स्थानिय तह बाहेक |
| १४ | मकै उत्पादकत्व अभिवृद्धि कार्यक्रम | क्लष्टर | ७ | ४.५ | कृषक समूह, कृषि सहकारी | प्रति क्लष्टर ५० हे. हुनुपर्नेछ |
| १५ | कृषि यान्त्रीकरणका लागि औजार उपकरण प्रयोग प्रवर्द्धन कार्यक्रम | पटक | १ | ७७.४७ | कृषक समूह /कृषि सहकारी/ निजि फर्म/ कृषि उद्यमी | १० रोपनी भन्दा वढी जग्गाको क्षेत्रफल हुनुपर्ने |

**प्रस्ताव साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू:**

१. निवेदनमा रु १० को टिकट टाँस गरिएको हुनु पर्नेछ ।
२. समूह/सहकारी/कृषि फर्महरुको दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।
३. संस्था/समूह नविकरणको प्रमाण-पत्रको प्रतिलिपि तथा वैठकको निर्णय प्रतिलिपी ।
४. संस्था/समूह/सहकारी तथा कृषि फर्महरुको *PAN* वा *VAT* प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी ।
५. नेपाली नगरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी ।
६. सहकारी संस्थाको हकमा गत आ.व.को लेखापरिक्षणको प्रमाणित प्रतिलिपी ।
७. कृषि फर्म, कृषक समूह र सहकरीहरुको गत आ.व. को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
८. संस्था/समूह/सहकारी /कृषि फर्म तथा कृषि उद्यमीहरुको १६ अंकको वैंक खाता, वैंकको नाम र चेकवुकको भित्रि पानाको फोटोकपी
९. जग्गा धनीपुर्जा प्रमाण-पत्रको प्रतिलिपी / जग्गा भाडामा लिएको भए सो को प्रमाण साथै फलफूल खेतीको हकमा न्यूनतम दश वर्षे सम्झौता गरेको सम्झौता पत्रको प्रतिलिपी ।
१०. सम्वन्धित स्थानिय तहको वडा कार्यालय र कृषि शाखाको सिफारिस पत्र ।(सिफारिस पत्रमा सोही प्रकृतिको अनुदान स्थानिय तहवाट लिए नलिएको खुलाउनु पर्नेछ ।)
११. आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागी अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वः घोषणा पत्र पेश गर्नु पर्ने छ।
१२. कृषि सम्वन्धि अनुभव तथा तालिमको प्रमाण-पत्रहरुको प्रतिलिपि सथै कार्यविधिमा उल्लेख भए अनुसारका थप कागजातहरु ।